स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



लक्ष्मण सुवेदी निर्देशित नारीप्रधान फिल्म “सतीदेवी”को टिजर सार्वजनिक भएको छ. । मलिका महतको शीर्ष भूमिका रहेको फिल्मको टिजरले फिल्मको कथावस्तु, चरित्र चित्रण झल्काएको छ । टिजरले समाजले छोरीप्रति गर्ने विभेदहरु झल्काएको छ । फिल्मले छोराको आशामा छोरी जन्माउने र समाजले छोरीलाई हेलाको सिकार बनाउन कथा उठाएको छ । फिल्ममार्फत निर्देशक सुवेदीले छोरीको अस्वीकार गर्ने पितृसत्तात्मक सोचलाई थुप्रै प्रश्न गरेका छन् ।

**आजको विचार...**



राजनीतिमा... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



वर्षेनि ५० बढी फिल्म रिलिज हुन्छन् । त्यसमध्ये केही फिल्मबाट नयाँ अनुहार जन्मिन्छन् । तर, धेरैको करिअर पहिलो फिल्मबाटै उठ्न सक्दैन । कोही फिल्म असफलताको मारमा पर्छन् त कोही अभिनयमा आफ्नो प्रभाव छाड्न नसक्दा गुमनाम बन्छन् । जसले गर्दा फिल्म क्षेत्रमा नयाँ अनुहारले आफ्नो पकड बनाउन सकेका छैनन् । चल्तापूर्जा कलाकारहरुकै एकछत्र हालिमुहाली देखिन्छ । यसैबीच, प्रदर्शनमा आएको फिल्म “लण्डन टू पेरिस”बाट फिल्म क्षेत्रले अर्को नयाँ अनुहार पाएको छ ।

❐ वर्ष २९ ❐ अंक ३११ ❐ २०८१ जेठ २८ गते सोमबार 10 June 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### गाजाबाट चार बन्धकहरुको उद्धार

(रासस / एएफपी)

**प्यालेस्टिनी क्षेत्र,** जेठ २७ /इजरायली विदेश मन्त्रालयले शनिबार नुसिरातमा अपरेसनको क्रममा गाजामा हमासको बन्दीबाट चार जना बन्धकहरूको सफलतापूर्वक उद्धार भएको घोषणा गरेको छ । हमास लडाकु समुहले अक्टोबर ७ मा ‘नोभा’ संगीत महोत्सवमा चारै जनालाई बन्धक बनाएको थियो । इजरायली रक्षा बल, इजरायली सुरक्षा एजेन्सी र इजरायली प्रहरीको संयुक्त विज्ञप्तिमा अधिकारीहरूले मध्य गाजा पट्टीमा जारी विशेष अपरेसनमा चारजनालाई फेला पारिएको बताएका हुन् । ‘शनिबार नुसिरातमा संयुक्त आईडीएफ, आइएसए र इजरायल पुलिस (यामाम)को संयुक्त अपरेसनमा हमासले बन्धक बनाएको नोआ अर्गामानी , अल्मोग मीर जान , आन्द्रे कोज्लोभ र स्लोमी जिभ गरि चार इजरायली बन्धकहरूलाई उद्धार गरिएको छ । उनीहरुलाई नुसिरातको दुईवटा छुट्टै स्थानबाट उद्धार गरिएको थियो’, विज्ञप्तिमा उल्लेख छ । इजरायली विदेश मन्त्रालयले सामाजिक सञ्जाल एक्समार्फत उक्त विज्ञप्तीलाई पुष्टि गर्दै सबै बन्धकहरु सुरक्षित रहेको र हाल अस्पतालमा सारिएको बताएको छ । ‘उनीहरूको स्वास्थ्य अवस्था राम्रो छ र थप मेडिकल जाँचका लागि ‘सेबा’ तेल-हासोमर मेडिकल सेन्टरमा सारिएको छ । चारजनालाई हमास लडाकु संगठनले अक्टोबर ७ मा ‘नोभा’ सङ्गीत महोत्सवबाट उनीहरुलाई अपहरण गरेको थियो ।

# बगनासकालीले तोड्यो असारे विकासको प्रवृत्ति

## जेठ १५ भित्रै सबै योजना फरफारख

कृष्ण पोखरेल

**पाल्पा,** जेठ २७/समय छँदा काम नगर्ने र आर्थिक वर्षको अन्त्यमा स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिलाई भ्याइ नभ्याई हुन्छ । आयोजना/योजनामा उपयोग नभएको रकम फ्रिज हुने वा फिर्ता गर्नेभन्दा जथाभावी खर्च गर्ने प्रवृत्ति बर्सेनि असारमा दोहोरिने गर्छ । झमझम वर्षे झरीमा सडक पिच गर्नेदेखि ढल खन्नेसम्मका ‘विकासे बिजोग’ दृश्यहरू यत्रतत्र देखिन्छन् । समयमै योजनाका कामहरु नगरी अन्तिममा आएर गर्ने प्रवृत्ति अधिकांस स्थानीय तहमा छ । जसका कारण जेठको अन्त्यतिरबाट स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुलाई भ्याइ नभ्याई हुने गरेको हो । अधिकांस स्थानीय तहमा यति बेला भिडभाग बढ्दै गएको र कर्मचारी र जनप्रतिनिधिहरुलाई समेत फुर्सत नभइरहेका बेला पाल्पाको बगनासकाली गाउँपालिकामा सुनशान जस्तै देखिन्छ । यहाँ जनप्रतिनिधी तथा कर्मचारीहरु नभएर सुनसान भएको भने होइन ।

गाउँपालिकाले तर्जुमा गरेका आन्तरिक, प्रदेश तथा संघीय सरकारका साझेदारी योजनाको काम बैशाख १५ सम्म सक्काएर जेठ १५ सम्म रकम प्राप्त भएका सबै भुक्तानी दिइसकेकाले



पालिकाका कर्मचारी यति बेला कामविहिन भएका हुन । योजनाका कामहरु सकिएकोले जनप्रतिनिधी, कर्मचारीहरु आगामी बर्षको बार्षिक बजेट, नीति, कार्यक्रम तथा योजना निर्माणमा जुटेका छन् । विषयगत शाखाका कर्मचारीहरु अहिले बार्षिक प्रतिवेदन निर्माणमा व्यस्त छन् । गाउँपालिकाले ९ वटै वडाहरुमा एक वडा एक प्राविधिक परिचालन, वडा वडामै पुगेर योजनाहरु सम्झौता, वडाकै प्राविधिकहरुबाट योजनाहरुको अनुगमन, मूल्याङ्कन जस्ता कामहरुले बैशाख भित्रै सबै योजनाहरुको काम सम्पन्न भएका हुन । सम्पन्न योजनाहरुको सम्पूर्ण विवरण वडा कार्यालयबाटै तयार पारेर गाउँपालिकामा भुक्तानीको लागि मात्र पेश गर्ने व्यवस्था मिलाइएकोले उपभोक्ताहरुलाई पालिकाबाट भुक्तानीको लागि सहज भएको छ । जसले परम्परागत असारे विकासको प्रवृत्तिलाई तोडेको मान्न सकिन्छ ।

गाउँपालिकाले चालु आर्थिक बर्षमा उपभोक्तासँग करिव ४ सय वटा योजना र ठेक्का पट्टाका १६ वटा योजना सञ्चालन गरेको जनाएको छ । उपभोक्तासँग सम्झौता भएका योजना चैत्र मसान्त भित्र सक्ने गरी सम्झौता गरिएको र ठेक्का पट्टाकाका योजना बैशाख १५ भित्र सक्ने गरी सम्झौता भएकाले सोही अनुसार निर्धारित मितिमा सबै काम सकिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बद्रिनाथ लम्सालले बताए । उनले भने ‘अहिले हामीलाई कुनै योजना समयमा सम्पन्न भएन भनेर चिन्ता छैन, योजनाका सबै काम सम्पन्न भएका छन् । विकासलाई दीर्घकालीन बनाउन असारे विकास सबै पक्षबाट रोकिनु पर्छ भन्ने कुरामा हामी सचेत छौं ।’

*-बाँकी अन्तिम पेजमा*

## छुट्टाछुट्टै स्थानमा तीन जना मृत फेला



**पाल्पा,** जेठ २७/देशका विभिन्न स्थानमा तीन जना मृत अवस्थामा फेला परेका छन् । केन्द्रीय समाचार कक्षका अनुसार गुल्मी, धादिङ र गोरखाका विभिन्न स्थानमा तीन जना मृत अवस्थामा फेला परेका हुन् ।

गुल्मीको धुर्कोट गाउँपालिका-७ ढाडे कालिमाटीस्थित भिरमा एक जना मृत अवस्थामा फेला परेका छन् । प्रहरीका अनुसार सोही गाउँपालिका-७ भुजङ्गेकमा ५३ वर्षीय पोमबहादुर विक मृत अवस्थामा फेला परेका हुन् । यस्तै धादिङको थाक्रे गाउँपालिका-२ हुलाकडाँडास्थित सडक किनारमा एक पुरुष मृत अवस्थामा भेटिएका छन् । सोही ठाउँका ४५ वर्षीय बसन्त राई मृत अवस्थामा फेला परेको केन्द्रीय समाचार कक्षले जनाएको छ ।

गोरखाको गण्डकी गाउँपालिका-६ दर्बुङस्थित त्रिशुली नदीको किनारमा पनि अर्का एक जना मृत फेला परेका छन् । सोही गाउँपालिका-३ फुजेलका ७५ वर्षीय गणेशबहादुर श्रेष्ठ मृत अवस्थामा फेला परेका हुन् । तीनवटै घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## उपभोक्ताको घर-घरमा ताजा,स्वच्छ तरकारी पुऱ्याउदै मिलनसार सहकारी

**पाल्पा,** जेठ २७/तानसेनका अधिकाश तरकारी पसलहरुमा बुटवलको हाट बजार र भारतबाट तरकारी भित्रिने गरेको छ । बुटवल तथा भारतबाट भित्रिएको तरकारीमा नत विषादी परीक्षण गरिएको हुन्छ नत राम्रोसँग ग्रेडिङ नै भएको हुन्छ । उपभोक्ताले जहाँ सस्तो पायो त्यही किन्यो अनि पकायो खायो गर्ने बानीका कारण उपभोक्ताहरु विभिन्न प्राण घातक रोगबाट पिडित बन्दै गएका छन् । अस्वस्थ, विषादी भएका तरकारीहरु उपभोग गर्दा उपभोक्ताहरु समस्यामा पर्दै गएका बेला तानसेनको एक सहकारी संस्थाले भने घर-घर र विद्यालयमा ताजा, स्वच्छ तरकारी पुऱ्याउने प्रतिवद्धता जनाएको छ । यहाँको मिलनसार महिला उद्यमी कृषि सहकारी संस्थाले लेवलिङ गरेर, विषादीरहित ग्रेडिङ गरेको तरकारी तानसेनका उपभोक्ता तथा विद्यालय र घर घरमा पुऱ्याउने प्रतिवद्धता गरेको हो ।



संस्थाले तानसेनका सरकारी तथा निजी विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा व्यवस्थापकहरुसँग अन्तर्क्रिया गर्दै शिक्षकहरुको घरको भान्सादेखी विद्यालयको भान्सासम्म विषादीरहित ग्रेडिङ गरेको तरकारी पुऱ्याउने प्रतिवद्धता जनाएको छ । सरकारले सबै विद्यालयमा दिवा खाजाको व्यवस्था गरेको छ । ठूला-ठूला विद्यालयहरुमा होस्टेलहरु सञ्चालन भइरहेका छन् । विद्यालयमा ताजा, हरियो तरकारी पुऱ्याउन, बजारमा भन्दा १५ देखी २० प्रतिशतसम्म कम मूल्यमा तरकारी उपलब्ध गराउने गरी मिलनसार सहकारी संस्थाबाट दैनिक ३ टनसम्म तरकारी बजारीकरण भइरहेको रेडाका बजार विकास अधिकृत निर्प परियारले बताए । कृषकहरुबाट सिधै सहकारीमा तरकारी आउने, सहकारीले होलाङ्दी थोक बजार केन्द्रमा ग्रेडिङ तथा पूर्ण रुपमा सरसफाई गरेर बजारमा राम्रो तरकारी पठाउँदा पनि अन्य पसलहरुमा भन्दा २० प्रतिशत सस्तो मुल्यमा बजार पठाउने गरेको रेडाका बजार विकास अधिकृत परियारले बताए । ‘प्रत्येक उपभोक्तादेखी विद्यालयका बालबालिका सम्म हामी निकै संवेदनशिल र जिम्मेवार छौ, हामीले बजारमा पुऱ्याउने तरकारी संस्थाको लोगो र पहिचान सहित पठाउने अभियानमा लागेका छौ’ संस्थाकी अध्यक्ष कमला भण्डारीले भनिन् ‘ भोलिका दिनमा कहि कतैबाट गुनासा, सुझाव तथा लिनको लागि पनि सहज होस् भनेर बजारमा पठाउने तरकारीमा नेपाल सरकारबाट गुणस्तर चिन्ह प्राप्त गर्ने अभियानमा लागेका छौं ।’

कार्यक्रममा सहभागी विद्यालयका प्रधानाध्यापकहरुले प्रत्येक छलफल, बैठक पढाईको गुणस्तरका विषय भए पनि संस्थाले दैनिक रुपमा प्रयोग हुने तरकारीको माध्यमबाट स्वास्थ्यमा पर्दै आएको असरका विषयमा जानकारी गराएर सबै पक्षलाई सोच्न बाध्य बनाएको बताए ।

सेन माध्यमिक विद्यालयका प्रधानाध्यापक भिमलाल बस्यालले विद्यालय विद्यालयमामा सहकारीले ताजा तरकारी पुऱ्याए पनि उपभोक्ताहरुको घर-घरमा पनि विषादीरहित तरकारीको व्यवस्थापन गर्न अन्य पक्षसँग सहकार्य गरेर वा बजारका तरकारी पसलहरुसँग सहकार्य गरेर ताजा तरकारी खुवाउन संस्थालाई सुझाव दिए ।

कार्यक्रममा सहभागी शिक्षिका पार्वती पौडेलले विद्यालयहरु जंग फुड निषेधित भए पनि विभिन्न माध्यमबाट हामीले दैनिक खाजा खानालाई पूर्ण रुपमा विषादीरहित बनाउन नसकेका बेला संस्थाले गर्न लागेको काम प्रसंशनिय रहेको बताईन् ।

*-बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बेरुजु रोक्न गम्भीर बन

७ सय ५३ स्थानीय तहको कुल बेरुजु करिब दुई खर्ब रुपैयाँ पुगेको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६१ औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० मा करिब ३१ अर्ब र अघिल्लो आर्थिक वर्षसम्मको बाँकी १ खर्ब ६२ अर्ब ४४ करोड ३१ लाख गरी झण्डै दुई खर्ब बेरुजु पुगेको हो ।

महालेखाको प्रतिवेदन अनुसार स्थानीय तहमा अघिल्ला वर्षहरूमा जस्तै नियमविपरीत खर्च गर्ने प्रवृत्तिले निरन्तरता पाएको छ । कानुनविपरीत सेवा सुविधा, अबण्डामा बजेट, सवारीसाधन खरिद र मर्मत, विद्यालयको दिवा खाजा तथा सेनिटरी प्याड खरिद, कर्मचारी भर्ना, डीपीआर तथा गुरुयोजना, उपभोक्ता समितिलाई भुक्तानी, सामाजिक सुरक्षा भत्ता जस्ता शीर्षकमा कानुनविपरीत खर्च गरेको देखिन्छ । हरेक वर्ष बेरुजुको दर बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । कुनै पनि कार्यालयमा वा सरकारमा बेरुजु देखिनु भनेको वित्तीय अनुशासन नहुनु हो । अनुशासनहिन तरिकाले खर्च गर्नु हो ।

महालेखा परीक्षकको कार्यालयले बेरुजु घटाउन दिएको निर्देशनलाई अटेर गर्ने प्रचलन बढेर गएका कारण बेरुजुको अंक निरन्तर बढिरहेको हो । बेरुजु घटाउने विषयमा समयमै सबै निकायलाई पत्राचार गरिन्छ । तर ती निकायले उक्त आग्रहलाई वास्ता गर्दैनन् । वर्षौं बितिसक्दा पनि बेरुजु नघटाउने निकायलाई सरकारले कारवाही गर्नु पर्ने हो तर त्यसो हुन सकिरहेको छैन । जनताको घरदैलो नजिकको सरकारकै खर्चको तौरतरिकामा भएको गडबडी झन् बढी चिन्ताको विषय हो । महालेखाको प्रतिवेदनले औंल्याएका विषयमा गम्भीर बन्दै वित्तीय सुशासन कायम गर्न स्थानीय तह अग्रसर हुनुपर्छ । बेरुजु किन बढिरहेको छ, कारण पहिल्याएर समाधानमा लाग्नुपर्छ । आर्थिक कारोबारसम्बन्धी ऐन–नियमलाई इमानदारीपूर्वक पालना गर्ने/गराउने थिति बसाएर बेरुजुमा लगाम लगाउनुपर्छ । कतिपयले लेखा परीक्षणमै प्रश्न उठाउने पनि गरेका छन्, कहीँकतै त्रुटि भएर बेरुजुको अंक बढी देखिएको हो भने पनि त्यस्ता गल्ती दोहोरिन दिनु हुन्न । वास्तवमा बेरुजुलाई सामान्य र स्वाभाविक रुपमा लिने प्रवृत्तिका कारण हरेक वर्ष यसको अंक थपिएको हो । निश्चित अवधिभित्र बेरुजु फछ्र्योट नगरे भ्रष्टाचार ठहरिने र त्यसका लागि कठोर कानुनी कारवाही बहन गर्नुपर्ने नीति कडाइका साथ लागु गरियो भने मात्र यसको अंक घट्दै जाने छ । यसर्थ यसतर्फ तीनै तहका सरकार गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

दुनियाँको सबैभन्दा ठुलो शक्ति भनेको
सकारात्मक सोच हो जुन सबै सँग हुदैन,

*(सुशिल श्रेष्ठको फेसबुक स्टाटसबाट https://www.facebook.com/stha.sushil)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिमा विश्वास



डा. गणेशप्रसाद घिमिरे

> **विश्वासविनाको राजनीति कहिले पनि सफल हुन सक्दैन । राजनीतिमा आउने विश्वासले नै नेता र जनताको सुनौलो भविष्यलाई जीवन्त बनाउन सक्ने आधार रहेका हुन्छन् ।**

राजनीतिको सबैभन्दा महत्वपूर्ण पक्ष हो विश्वास । विश्वास भएन भने राजनीतिमा पनि तुषारापात हुने गर्दछ । त्यसैले राजनीतिको गतिलो अस्त्र विश्वासलाई मानिएको छ । विश्वासको वातावरणमा नै राजनीतिले सफल अवतरण पाउने गर्दछ । अन्यथा राजनीति नै असफलताको अवस्थामा पुगेको हुन्छ । राजनीतिमा अविश्वासको वातावरण देखियो भने कुनै पनि राजनीतिक दलको व्यवसाय नै कमजोर हुने कुरालाई कसैले पनि नकार्न सक्दैन । नेताहरूमा राजनीति र जनताले चाहेका कामप्रति विश्वास हुनु अनिवार्य मानिन्छ ।

विश्वासविनाको राजनीति कहिले पनि सफल हुन सक्दैन । राजनीतिमा आउने विश्वासले नै नेता र जनताको सुनौलो भविष्यलाई जीवन्त बनाउन सक्ने आधार रहेका हुन्छन् । अविश्वासको राजनीतिले समाजलाई मात्र होइन समाजको व्यवस्थालाई पनि बिगारेको हुन्छ । त्यसैले राजनीति गर्ने व्यक्तिले विश्वासको वातावरण बिगार्नु हुँदैन । राजनीति नेताको विश्वासमा होइन जनताको समर्थनमा चल्नु आवश्यक मानिएको हुन्छ । यसैलाई विश्वासको राजनीति भनिन्छ । राजनीतिमा विश्वासको खडेरी परेमा राजनीति गर्ने व्यक्ति वा पार्टीको लागि समाप्तिको बाटो चुनेको हुन्छ । त्यसैले राजनीति समाजको त्यो व्यवस्था हो जसमा देशको विकासका साथै विश्वास पनि हुने गरेको हुन्छ ।

**राजनीतिमा सभासद**

राजनीतिको सबैभन्दा महत्वपूर्ण पाटो देशको संसद् हो । संसद्का माध्यमबाट सभासदले देशको अवस्था र भावनालाई राजनीतिका माध्यमबाट बाहिर ल्याउने गरेका हुन्छन् । त्यसैले राजनीतिमा कानुनी दृष्टिले सभासदको भूमिका महत्वले भरिएको हुन्छ । यसैलाई राजनीतिमा कानुनको राज्य मानिएको हुन्छ । सभासदको धर्म र त्यसले गर्ने कर्मलाई मनुले गजबका साथ बाहिर ल्याएका छन्

**धर्मो विद्धस् त्वधर्मेण सभां यत्रोपतिष्ठते ।**
**शल्यं चाद्रस्य न कृतन्ति विद्धास् तत्र सभासदः ।।**

अधर्मले भरिएको सभामा सभासद उपस्थित भएमा सभासद पनि अधर्मको भागी बनेको हुन्छ । सभामा सभासदको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सभासदका माध्यमबाट नै निर्णय लिइने हुनाले सभासदको भूमिकालाई कसैले पनि नकार्न सक्दैन । सभासद आफैँमा सबल व्यक्ति हो । उसले गरेका निर्णयले देशलाई असर पार्ने हुनाले सभासदलाई देशको जिम्मेवार व्यक्तिका रूपमा मानिएको पाइन्छ । सभासदले यदि अधर्मका माध्यमबाट आफ्नो कामलाई बाहिर ल्याउन खोज्यो भने कुनै पनि अवस्थामा देशको राजनीति नै कमजोर हुने कुरालाई बाहिर ल्याउन सकिन्छ । मनुले सभासदलाई नै राज्यव्यवस्थाको सबैभन्दा गतिलो व्यक्तिका रूपमा स्वीकार गरेका छन् ।

अधर्मका माध्यमबाट गरिने सभामा सभासदको भूमिका कहिले पनि गतिशील हुन सक्दैन । सभासदले सभामा सत्य कुरालाई बोल्न सक्नुपर्दछ । सत्यलाई सभामा सभासदले बोल्न सकेन भने उक्त पापको भागिदार स्वयं सभासद नै हुने कुरालाई नकार्न सकिँदैन । सभासद आफैंमा गतिलो तरिकाले सभामा प्रस्तुत हुनुपर्दछ भन्ने सन्दर्भलाई उल्लेख गर्दै भनिएको छ

**सभा न वा प्रवेष्टव्यं वक्तव्यं वा समञ्जसम्**
**अब्रुवन् विब्रुवन् वाद्रपि नरो भवति किल्बिषी ।।**

अधर्मले भरिएको सभामा सभासद उपस्थित नै हुनुहुँदैन । यदि उपस्थित भइयो भने पनि आफ्ना सत्य कुरालाई राख्नु अनिवार्य मानिन्छ । यदि अधर्मले भरिएको सभामा पनि अधर्मलाई प्राथमिकता दिन खोजियो भने उक्त सभासद पनि पापको भागी मानिएको हुन्छ । त्यसैले सभासद पनि सत्यवादी बनेर आउनु अनिवार्य मानिन्छ । राजनीतिमा सभासदलाई सत्यको पक्षमा अभिव्यक्ति दिने व्यक्तिका रूपमा मानिएको पाइन्छ । सभासदको भावनालाई बुझेर नै शासकले आफूलाई उभ्याउनु अनिवार्य मानिएको छ ।

देशको कानुन निर्माणमा सभासदको भूमिका सारै महत्त्वको रहेको हुन्छ । सभासदको भूमिकाका कारण नै देशको राजनीतिक अवस्थामा परिवर्तन र स्थिरता आउने हुनाले नै सभासदलाई महत्वका साथ हेरिएको पाइन्छ । राजनीतिमा सभासदको भूमिकालाई स्वीकार गरिएन भने राजनीतिक पण्डितको हालत पनि कमजोर हुने तथ्यलाई नकार्न सकिँदैन । सत्य बोलेर पनि सभासदको अपमान गरिएमा राजनीतिको विषयमा देखिने आधारलाई सामान्य रूपमा गतिशील मान्न सकिँदैन । रामायणमा सभासद वा तत्कालीन रावणका भाइ विभीषणले दिएको उचित सल्लाहलाई उनले मानेनन् । धर्म र नीतिमा चल्न उनले दाजुलाई आग्रह गरे तर उनी त्यो नीतिमा चलेनन् । उनको नीतिको तिरस्कार भयो । त्यसकारण उनले सभालाई मात्र होइन राज्य र दाजुको साथ छोडेर गए ।

**यत्र धर्मो फयधर्मेण सत्यं यत्राद्रनृतेन च**
**हन्यते प्रेक्षमाणानां हतास् तत्र सभासदः ।।**

सभामा सभासदले देख्दादेख्दै अन्याय र अधर्म भएको हुन्छ र सत्यलाई असत्यले दबाइएको हुन्छ । उक्त सभामा सभासद नै मरेसमान् मानिएको हुन्छ । सभासद नै सभाको सबैभन्दा महत्त्वपूर्ण मानिएको हुनाले सभाको वा कानुन निर्माणको जिम्मेवार व्यक्ति मानिन्छ । यदि सभासदको अपमान र वा अधर्मबाट गरिने कामलाई सभासदले चुप लागेर सफयो भने ऊ पापको भागिदार हुने गरेको हुन्छ । सभासदको भावनालाई शासकले बुझ्नु आवश्यक मानिन्छ ।

यदि सभामा सभासद नै कमजोर बनेर अन्याय र अधर्मलाई भोगेको छ भने त्यो अवस्थामा ऊ अधर्ममा सहभागी हुने व्यक्तिका रूपमा दरिएको हुन्छ । महाभारतमा धर्म कौरवपक्षमा पनि थियो । पाण्डव पक्षमा पनि धर्म थियो । पाण्डवपक्षमा धर्मले जे भन्यो त्यही निर्णय हुने गर्दथ्यो । कौरव पक्षमा शासक जे भन्न चाहन्थ्यो धर्मले त्यही मान्नुपर्ने बाध्यता थियो । त्यसैले महाभारतका महामन्त्री विदुरले उक्त कौरवको सभालाई र कौरवपक्षलाई छोडेर आफूलाई बाहिर ल्याए ।

**जनताको अपमान**

जनता सबैभन्दा बलशाली हुन्छन् लोकतान्त्रिक मुलुकमा । यदि जनताको अपमान गरियो भने जनताले सभासदलाई मात्र होइन राजनीतिको बाटो नै अलग बनाएर राखिदिन्छन् । संसारको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक भारतमा अठारौं लोकसभाको निर्वाचन सातौं चरणमा सम्पन्न भयो । दश वर्षमा भारतका प्रधानमन्त्रीले जसरी देशको विकास र उन्नतिलाई संसारभरि चिनाउन सफल पनि भए । उनको सफलताले भारतलाई विकासको नया उचाइमा पुऱ्याए त्यो संसारका सामु नै परिचित बनेको छ । उनले लड्खडाएको अर्थतन्त्रलाई विश्वको पाँचौ अर्थतन्त्रले सजिएको मुलुकमा पुऱ्याएको देखिन्छ । अठारौं लोकसभाको निर्वाचनमा मोदीको नेतृत्वलाई भारतीय जनताले स्वीकार गरेन । उनलाई सोह्रौं र सत्रौं लोकसभाको जस्तो बहुमत दिएनन् । हुन त सहयोगी दलहरूलाई साथमा लिएर नै भारतको राजनीतिमा मोदी तेस्रोपटक प्रधानमन्त्री हुने सम्भावना देखिएको छ । तर, उनको नेतृत्वलाई भारतीय जनताले पूर्णरूपमा स्वीकार गरेको देखिएन । उनले भारतीय राजनीतिलाई जुन तरिकाले गतिशील बनाए त्यो अवस्थामा मोदी गतिशील हुन सकेनन । उनलाई संसारका शक्तिशाली राष्ट्राध्यक्षले मानेका पनि छन् । संसारको राजनीतिमा उनको गतिलो छवि पनि बनेको छ तर उनलाई भारका जनताले आफ्नो बलबुतामा प्रधानमन्त्री हुने अवसर दिएनन् । उनलाई गठबन्धनको सहयोगमा प्रधानमन्त्री हुने अवसर भने मिलेको देखियो । भारतको राजनीतिमा दशवर्षपछि कसैलाई पनि भारतीय जनताले तेस्रोपटक शासक बन्ने अवसर दिएको देखिँदैन ।

भारतका पहिलो प्रधानमन्त्री जवाहारलाल नेहरु तीन पटक प्रधानमन्त्री भएका थिए । आजसम्मको इतिहासमा अर्को कुनै पनि व्यक्ति भारतको इतिहासमा तेस्रोपटक प्रधानमन्त्री बन्ने सौभाग्य कसैलाई पनि प्राप्त भएको देखिँदैन । नरेन्द्र मोदी भारतको राजनीतिक इतिहासमा तेस्रो पटक प्रधानमन्त्रीको शपथ ग्रहण गर्ने दोस्रो व्यक्तिका रूपमा देखिए । राजनीतिमा इमान्दारिता र जनताप्रतिको विश्वास भएमा सफल हुन सकिन्छ भन्ने आधार उनले प्रस्तुत गरेको देखिन्छ । उनले जनताको अपमान गरेका हुन् जस्तो लाग्दैन । उनमा आएको अहङ्कारले उनलाई लत्याएको पाइन्छ । भारतको राजनीतिक इतिहासमा क्षेत्रीय पार्टीले आफूलाई पुन: बलियो रूपमा यो निर्वाचनमा उभ्याएको देखियो । नेपालको राजनीति सधैँ झुठको खेतीमा चलेको छ । देशलाई सुधार गर्ने र देशका आमूल परिवर्तन गर्ने उद्देश्यमा आएका व्यक्ति नै सत्ताको मोहमा फसेका कारण नेपालको राजनीतिले पनि धेरै समय अस्थिरताको अवस्था भोग्नुपर्ने देखिएको छ । समानुपातिक निर्वाचन प्रणाली खारेज नगरेसम्म नेपालको राजनीतिमा पनि बहुमत कुनै पार्टीको आउनसक्ने अवस्था देखिँदैन । नेपालको राजनीतिमा पनि जनताको अपमान धेरै भएको छ । चितवनको दुई नम्बर क्षेत्रबाट आएका उनले चितवनका जनतालाई झुक्याएका छन् । उनले देशमा आमूल परिवर्तन गर्ने उद्देश्यले चितवनका जनतासित मत मागेका थिए तर उनले चितवन दुई नम्बरका जनताप्रति न्याय गर्न सकेनन् । त्यसैले उनले पनि जनतासित असत्य बाचा गरेको प्रमाणित भएको देखियो । अब आउने निर्वाचनमा उनको अवस्था के हुने हो ? भविष्यमा देखिनेछ ।

स्वतन्त्ररूपमा काठमाडौं महानगरपालिकाका मेयर बालेनले गरेको काममा काठमाडौंवासीको समर्थन देखियो । उनले गर्न खोजको नयाँसडकको पेटी विस्तारलाई भने राजनीतिक पूर्वाग्रहका आधारमा रोकिएको देखिन्छ । उक्त क्षेत्रमा पार्किङ हटाएपछि सडकपेटी बढाउने कार्य उपयोगी नै देखिएको थियो तर उक्त कार्य रोक्नुलाई राजनीतिक पूर्वाग्रह नै मानिएको देखिन्छ । उनले जेजति गरेका छन् उनको कामलाई अस्वीकार गर्ने राजनीतिक पूर्वाग्रहलाई अर्को निर्वाचनमा जनताले सचेत गराउने छन् भन्ने अवस्थालाई अस्वीकार गर्न सकिँदैन । त्यसैले राजनीति गर्ने व्यक्ति वा पार्टीलाई जनताको मतको मूल्यलाई अवस्य बुझ्ने अवस्था आउँन सक्छ । जनताको अपमान भयो भने राजनीतिक स्थिरता रहँदैन भन्ने तथ्यलाई सहर्ष रूपमा स्वीकार गर्न सकिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दैनिक कार्यमा सफलता पाइनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ । | **तुला** : वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। सामाजिक कार्यमा मन जाला। |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **वृश्चिक**: आफन्तका बीचमा खटपट उब्जनेछ । मनमा निराशा आउला । |
| **मिथुन** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइनेछ । | **धनु** : प्रतिष्ठा कमाउने वेला छ । घर मा अतिथिको आगमन हुनेछ । |
| **कर्कट** : योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। कारोबारमा मन्दी आउनेछ। | **मकर**: दक्षतामा कार्यहरू सम्पन्न हुनेछन्। अरुको प्रगतिमा मन रमाउनेछ। |
| **सिंह** : शुमहिलाहरूबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ। | **कुम्भ** : कुनै कुराले मनमा शान्ति छाउला। अचल सम्पत्तिको कारोबार हुनेछ । |
| **कन्या** : शुभ कार्यमा सरिक भइनेछ । नयाँ बिजनेश प्लान बन्नेछ । | **मीन**: खदुःख बराबरी खालको दिन छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । |

# शिक्षा

## जुनसुकै विषय पढेकालाई शिक्षकको लाइसेन्स दिईने

**काठमाडौं,** सरकारले जुनसुकै विषय पढेकालाई अध्यापन अनुमति पत्र (लाइसेन्स) परीक्षामा सहभागी हुन पाउने कानुनी व्यवस्था गर्ने तयारी थालेको छ । यसका लागि शिक्षा नियमावली २०५९ संशोधनको तयारी भइरहेको हो ।

त्रिभुवन विश्वविद्यालयका प्राडा पेशल खनालले एजुकेशनको डिग्री नभइ शिक्षक नहुने विश्वव्यापी मान्यता रहेको बताए । जोकोहीलाई शिक्षणको लाइसेन्स दिन नहुने उनको तर्क छ । 'डाक्टर बन्नका लागि मेडिकल पढ्नुपर्छ, लयर बन्नका लागि कानुन पढ्नुपर्छ । शिक्षक बन्न जेसुकै भए पनि हुँदैन, यसका लागि शिक्षा विषय पढेकै हुनुपर्छ,' उनले भने ।

शिक्षक अभाव भयो भन्दैमा जोकोहीलाई शिक्षक बनाउन नमिल्ने उनको भनाइ छ । 'कमर्स पढेको, आर्ट्स पढेको, साइन्स पढेको तर, एजुकेशन डिग्री नपढिकन लाइसेन्स परीक्षा दिन पाउनु भनेको संसारभरिको शिक्षाको मर्ममाथि प्रहार हो,' उनले भने ।

प्राडा खनालले जोकोहीलाई शिक्षक बनाउँदा शिक्षण क्षमता नभएका व्यक्ति शिक्षा क्षेत्रमा प्रवेश गर्ने र यसले शिक्षा क्षेत्र थप धराशायी बन्ने प्रस्ट पारे । 'जोकोहीलाई शिक्षक बन्ने बाटो खुला गर्दा शिक्षणको स्किल नै नभएको व्यक्ति त्यो पेसामा पुग्ने भए । जसले गर्दा बालमनोविज्ञान नबुझ्ने भए । शिक्षणमा प्रयोग गर्ने विभिन्न पद्धति उनीहरूले जान्दैनन्,' उनले भने, 'सोफै घोकाउने, कण्ठ गराउने हुन्छन् । आफूले जसरी पढेर आएको हो, त्यसरी नै पढाउने हुन्छन् ।'

त्रिभुवन विश्वविद्यालयमा २०१३ सालमा कलेज अफ एजुकेशन खुलेको थियो, जहाँ शिक्षाशास्त्र सङ्काय पढ्ने विद्यार्थीका लागि शिक्षण अभ्यास गर्न मिल्थ्यो । तर, अहिले त्यहाँ बोर्डिङ स्कूल सञ्चालनमा छ भने त्रिविमा पढेका विद्यार्थीहरू शिक्षण अभ्यास गर्न अन्यत्र जानुपर्ने बाध्यता छ ।

अहिले शिक्षा विषय नपढेकाले पनि लाइसेन्स लिइरहेका छन् । तर, उनीहरूले निश्चित समयभित्रमा एजुकेशनको डिग्री लिने गरेका छन् ।

एजुकेशन बाहेकको क्षेत्रबाट शिक्षण पेसामा आउनेहरूलाई निश्चित समयको कोर्ष दिएर त्यसको विधि पूरा गर्नुपर्ने खनालको तर्क छ ।

'हामीले भनेको के हो भने लाइसेन्स जथाभावी योग्यता नभएकोलाई दिनु भएन । अभाव भयो भन्दैमा जथाभावी बाँड्ने होइन । उनीहरूलाई कसरी सक्षम बनाउने भन्नेतिर लाग्ने हो,' खनालले भने, 'अनिमात्रै अभाव कम गर्न सकिन्छ । अभाव भयो भन्दैमा जथाभावी शिक्षकको लाइसेन्स बाँड्न थाल्यो भने शिक्षा क्षेत्र थप धराशायी बन्छ ।' नेपाल शिक्षाशास्त्री समाजका अध्यक्ष प्राडा तिर्थराज पराजुलीले टिचिङ भनेको प्रोफेसन भएकाले यसमा जोकोही आउन नहुने बताए । सरकारले गर्न खोजिरहेको व्यवस्था गरियो भने विश्वमै नभएको कुरा हामीले गर्‍यौं भन्ने हुने तर, त्यसले मान्यता नपाउने उनको भनाइ छ ।

नेपाल सरकारले जारी गरेको शिक्षा नीति २०७६ मासमेत जो कोहीले शिक्षक पाउने व्यवस्था छैन । त्यहाँ पनि आवश्यक तालिम तथा शिक्षा विषय पढेको चाहिने भनिएको छ । सरकारले आफूले जारी गरेको नीति विरुद्ध नै गएर व्यवस्था गर्न लागेको उनको भनाइ छ । त्रिभुवन विश्वविद्यालय सेवा निवृत्त प्राध्यापक



डाक्टर गंगाराम गौतमले संसारमा सबै कुराको आ-आफ्नै विधि र पद्धति हुने बताए ।

'अप्रेसन जो कोहीले गर्न सक्दैन । हरेक चिजको पद्धति हुन्छ । त्यो पद्धतिमा राम्रोसँग काम सम्पन्न गर्नलाई त्यो सबै पद्धति बुझेको मान्छे हुनुपर्छ । त्यसैले सिकाउने भनेको कुरा पद्धतिसँग गाँसिएको ठूलो कुरा हो,' उनले भने, 'संसारको अनुभवले के बताउँछ भने त्यो पद्धतिसँग फेमिलियर भएको व्यक्तिले मात्रै विद्यार्थीलाई राम्रोसँग सिकाउँछ भन्ने हो ।'

शिक्षक उत्पादन गर्ने ठाउँमा सिकाउने तरिका नै गल्ती भएको उनको बुझाइ छ । शिक्षकहरूलाई राम्रोसँग पठनपाठन गराउनलाई तयार नै नगरिएको उनले बताए । उनीहरूलाई पढाउनका लागि तयार गराउन जोड हुनुपर्नेमा त्यो पनि नभइ अन्यत्र क्षेत्रबाट शिक्षक ल्याउने विषयमा बहस चलेको गौतमले बताए ।

'शिक्षाभन्दा बाहिरकाले शिक्षकले राम्रो गर्न सकेन, त्यसैले जो कोही पनि शिक्षक बन्न पाउने व्यवस्था गर्नुपर्‍यो भन्छन् । शिक्षा क्षेत्रकाहरूले ठिक होइन भन्छन् । शिक्षक उत्पादन गर्ने ठाउँमा गल्ती भयो भने त्यसलाई सुधार गरेर जाने हो,' उनले भने । यसका लागि जति जनशक्ति आवश्यक पर्ने हो, त्यही आधारमा मात्रै पढाउनुपर्ने र त्यही आधारमा शिक्षक उत्पादन गर्नुपर्ने उनको भनाइ छ ।

'बीएड पढ्नेले कहिल्यै क्लासमा नआइकन गाइड पढेको भरमा पास हुन्छन् । अनि त्यस्तो मान्छे पास भएर शिक्षक बन्यो भने के हुन्छ ?' उनले प्रश्न गरे ।

यूकेको एङ्लिय रुस्किन युनिभर्सिटीका प्राध्यापक डाक्टर फिल क्रिकम्यानले गरेको अनुसन्धानले तीन वर्षे बीएड पढ्दा विद्यार्थीले कम्तीमा १२१ दिन विद्यालयमा जानुपर्ने देखाएको छ । विद्यालयमा गएर पठन अभ्यास गर्नुपर्ने उनको अध्ययनको निष्कर्ष थियो । त्यतिले मात्र नपुगेर विश्वविद्यालयको तर्फबाट समेत थप दुई वर्ष बेलाबेला विद्यालयमा जाने, पढाइ हेर्नै गर्नुपर्ने उनको निष्कर्ष थियो ।

तर, नेपालमा भने गेसपेपर किनेको आधारमा बीएड, एमएडको डिग्री लिने र त्यस्ता विद्यार्थीका कारण समस्या हुने गौतमको तर्क छ । 'हामीकहाँ सिस्टम कहहिनर गल्ती भयो ? अब त्यो सिस्टम नै फालिदिने कि त्यसलाई सच्याउने भन्नेमात्रै हो । कति शिक्षक चाहिने हो ? त्यो विषयमा बहस हुनुपर्‍यो । हामीलाई चाहिने शिक्षककै आधारमा हामीले जनशक्ति उत्पादन गर्नुपर्छ,' उनले भने । जुनसुकै ग्रेड ल्याएको विद्यार्थीले शिक्षा विषय पढ्ने अनि गुणस्तर चाहिँ राम्रो खोजेर नहुने उनको भनाइ छ ।

डाक्टर हुन 'ए' ल्याउनुपर्ने तर, शिक्षक हुन 'सी' भए पुग्ने गरेको बताए । शिक्षा विषयमा विद्यार्थीको आकर्षण घटेको तर्क गर्दै उनले भने, 'विद्यार्थीले आउन चाहेन भने राम्रो इन्सेन्टिभ दिनुपर्छ । उनीहरूलाई विभिन्न खालका सेवा सुविधा दिनुपर्छ । त्यस्तो गरियो भने मात्रै शिक्षामा सुधार हुन्छ ।' संसारभर शिक्षक हुनको लागि पेडागोजिकल डिग्री चाहिने तर, नेपालमा नचाहिने तर्क गर्न नहुने उनको भनाइ छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायका डीन प्राडा चित्रबहादुर बुढाथोकीले विश्वविद्यालयले उत्पादन गर्ने जनशक्तिमा समेत कमजोरी रहेको भन्दै त्यसलाई सुधार गर्नुपर्ने बताए ।

'यही तरिकाले चलायौं भने सरकारले तपाईंहरूको डिग्री कार्यक्रम काम लाग्दैन भन्छ । त्यसमा हाम्रो कमजोरी नै हो । हामी नै रूपान्तरका लागि राम्रो बनाउनतिर लाग्नुपर्छ । पढ्ने र पढाउने तरिकालाई परिवर्तन गर्नुपर्छ । त्यो गर्न सकिएन भने हाम्रोबाट पूरा हुँदैन,' उनले भने ।

अब बीएड र एमएडको पाठ्यक्रम परिमार्जन गर्न लागिएको भन्दै उनले त्यसका लागि शिक्षक सेवा आयोगसँग समेत छलफल गरिने बताए । शिक्षक पेसामा कमजोर धरातलका आउने गरेको भन्दै उनले यसका लागि गुणस्तरमा सुधार गर्नुपर्ने बताए । क्वालिटी कन्ट्रोलका लागि सरकारको मेकानिज्म हुनुपर्ने तर, नेपालमा त्यो हुन नसकेको उनको भनाइ छ । 'जसरी मेडिकल शिक्षाको क्वालिटीका लागि काम गरिरहेको छ । त्यसरी नै एजुकेशनको पनि क्वालिटीका लागि मेकानिज्म बनाउनुपर्छ,' बुढाथोकीले भने ।

फेकल्टी अफ एजुकेशनले नेपालको शिक्षा क्षेत्र धान्न नसकेर जोसुकैलाई शिक्षक बन्न लगाउन लागेको तर्क सरकारको छ । तर, विद्यार्थी पर्याप्त रहेको बुढाथोकी बताउँछन् । अहिले ब्याचलर लेभलमा करिब १ लाख विद्यार्थी छन् । पास हुने दर भने २५ देखि ३० प्रतिशत मात्रै छ ।

त्यही २५ देखि ३० प्रतिशत पास भएका विद्यार्थीहरूले शिक्षक सेवा आयोगको परीक्षा दिने हुन् । त्यसरी शिक्षक सेवा आयोगको परीक्षा पास गर्नेमा अधिकांश शिक्षाशास्त्र सङ्काय पढेका विद्यार्थीहरू मात्रै हुने गरेको उनको भनाइ छ । नेपालमा विकास नहुनुको प्रमुख कारण शिक्षा क्षेत्रको सुधार नहुनु रहेको उनको भनाइ छ । 'नेपालमा विकास भएन भन्ने छ । त्यसको एउटा कारण हो शिक्षा । शिक्षा किन राम्रो भएनभन्दा शिक्षक राम्रो भएन । शिक्षक किन राम्रो भएन भन्दा सरकारको शिक्षाको नीति राम्रो भएन । स्पष्ट नीति भएन,' उनले भने, 'त्यसैले सरकारले भनिरहेको छ सबै मान्छे शिक्षक बनाउँछु । त्यस्तो हुँदैन ।'

नेपालको राजनीति राम्रो नभएकाले शिक्षा समेत राम्रो हुन नसकेको उनको भनाइ छ । शिक्षकलाई राम्रो बनाउने होइन भने नेपालको शिक्षा सयौं वर्ष पछिपर्ने उनको भनाइ छ । शिक्षकलाई राम्रो बनाउन सकियो भनेमात्रै शिक्षा क्षेत्र सुधिने उनले बताए ।

*-रातोपाटी डटकम*

## हल्ट प्राइजमा प्रतिस्पर्धा गर्न नेपाली विद्यार्थी भारतमा

**भक्तपुर,** विद्यार्थीहरुका लागि नोबेल पुरस्कारको रुपमा चिनिएको विश्व प्रसिद्ध 'हल्ट प्राइज प्रतियोगिता'मा प्रतिस्पर्धा गर्न तीन जना नेपाली विद्यार्थीको टोली भारतको मुम्बई जाने भएका छन् ।

हल्ट प्राइज कम्पिटिशनमा भाग लिन उनीहरु विहीबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मुम्बई जान लागेका हुन् ।हल्ट प्राइज नयाँ आइडिया निकाल्न गरिने एउटा अन्तर्राष्ट्रिय प्रतियोगिता हो ।



भक्तपुरको चाँगुनारायण दुवाकोटस्थित नेपाल इन्जिनियरिङ कलेज भक्तपुर, भक्तपुरमा सिभिल इन्जिनियरिङमा अध्ययनरत विद्यार्थीहरु लजिता भट, लिजा तामाङ र संयम मानन्धर प्रतिस्पर्धामा भाग लिन जान लागेका हुन् ।

विद्यार्थीको बिदाइ तथा शुभकामना दिन बुधबार कलेजले कार्यक्रम गरेको थियो । कलेजका अनुसार उनीहरु विहीबार मुम्बइका लागि प्रस्थान गर्ने छन् । उनीहरुको ती नजनाको समूहले तीन दिनसम्म त्यहाँ आफूभित्र रहेका नयाँ आइडियालाई प्रस्तुत गर्नेछन् ।

कलेजको विद्यार्थी कल्याण शाखाका प्रमुख उपप्रध्यापक विष्णुप्रसाद भण्डारीले कलेजको प्लेन टिकट, खाने, बस्ने सम्पूर्ण सुविधाबाट विद्यार्थी त्यता जान लागेका हुन् । कलेजले आन्तरिक प्रतियोगिता गरी सर्वोत्कृष्ट हुन सफल विद्यार्थी अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी हुन त्यता जान लागेको उनले सुनाए ।

कलेजका कार्यवाहक प्राचार्य दुर्गाप्रसाद भण्डारीका अनुसार सिभिल इन्जिनियरिङका ती विद्यार्थी सेमिफाइनलमा प्रवेश पाई प्रतिस्पर्धाका लागि जान लागेका हुन् । त्यहाँबाट उत्कृष्ट भए उनीहरुको अर्को तहको प्रतिस्पर्धाका लागि बेलायतको लण्डन जान पाउने उनले सुनाए ।

प्रतियोगिता प्रत्येक वर्ष चल्दै आएको छ । प्रतियोगितामा हरेक देशका विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुले निर्माण गरेका नयाँ प्रविधिबीच प्रतिस्पर्धा गराइन्छ ।

विद्यार्थीहरुका लागि विश्वमै सबैभन्दा ठूलो प्रतियोगिताको रुपमा लिएको यस प्रतियोगितामा प्रथम हुने विद्यार्थीले दश लाख अमेरिकी डलर बराबरको पुरस्कार पाउनेछन् ।

*-हाम्राकुरा डटकम*

## शिक्षा मन्त्रालयमा शासकीय सुधार एकाइ गठन




**काठमाडौं,** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा नागरिकका गुनासा छिटो सम्बोधन गर्न प्रशासन महाशाखाका प्रमुख सहसचिव सुमन घिमिरेको नेतृत्वमा शासकीय सुधार एकाइ गठन भएको छ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २९ बमोजिम सो एकाइ गठन गरिएको हो। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले उक्त संयन्त्रबाट सम्पादन हुने कार्यलाई शासकीय सुधारको मान्यता अनुरूप सुधार गर्ने नीति अख्तियार गरी कार्यान्वयन हुने र गुनासो प्राप्त भएको १५ दिनभित्र सम्बोधन गरी वेबसाइट मार्फत विवरण सार्वजनिक गरिने बताइन् ।

शासकीय सुधार एकाइको काम, कर्तव्य र अधिकारमा मन्त्रालयबाट सम्पादन हुने कामसम्बन्धी कानुन, नीति र कार्यविधि निर्माण एवं सुधारका लागि सूचना, सल्लाह र पृष्ठपोषण उपलब्ध गराउने जनाइएको छ । सार्वजनिक प्रशासन र व्यवस्थापनका नवीनतम मान्यताको प्रयोगबाट कार्यसम्पादनको गुणस्तरमा सुधार ल्याउने, शासकीय सुधारको सम्बन्धमा तालीम, गोष्ठी र अन्तरक्रिया सञ्चालन गर्ने मन्त्रालयले जनाएको छ ।

*-डिसी नेपाल डटकम*

## केयूमा डेटा साइन्समा स्नातक

**काठमाडौं,** काठमाडौं विश्वविद्यालयले नेपालमै पहिलोपटक स्नातक तहमा डेटा साइन्स (बीडीएससी) पढाई सुरु गर्ने भएको छ । विश्वविद्यालयको स्कूल अफ साइन्स अन्तर्गतको गणित विभागले आगामी शैक्षिक सत्रदेखि चार वर्षे बीडीएससीको अध्यापन सुरु गर्ने जनाएको हो ।



पछिल्लो समय सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकाससँगै आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनका बीडीएससीको अध्ययन/अध्यापन सुरु गर्न लागिएको विश्वविद्यालयले जनाएको छ । बीडीएससीका विद्यार्थीले गणितको गहन अध्ययनमार्फत सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्तिको अभाव परिपूर्ति गर्ने विश्वविद्यालयको गणित विभाग प्रमुख प्रा.डा. रवीन्द्र कायस्थले बताए । एक सय २० क्रेडिट आवरको बीडीएससी गणित, कम्प्युटर साइन्स, तथ्यांकशास्त्र र बिजनेश इन्टेलिजेन्सको एकीकृत कोर्स हो । यसअर्न्तगत सुरुका दुई वर्ष कम्प्युटिङका लागि आवश्यक पर्ने कोडिङ, ग्राफिक्स, सिस्टम, नेटवर्क र डेटाबेसबारे अध्यापन हुन्छ । कक्षा १२ अथवा सो सरहको परीक्षामा कम्तीमा २.० सीजीपीए वा ५० प्रतिशत प्राप्तांक ल्याएका विद्यार्थी बीडीएससीमा भर्ना हुन सक्ने जनाइएको छ । विश्वविद्यालयले एक शैक्षिक सत्रमा बढीमा ३० जना विद्यार्थी भर्ना गर्ने र प्रवेश परीक्षाको प्राप्तांकका आधारमा तीन जनालाई छात्रवृत्ति प्रदान गर्ने जनाएको छ । त्यसका साथै, प्रत्येक सेमेस्टरमा मेरिटका आधारमा एक जनाले छात्रवृत्ति पाउने उत्तीर्ण विद्यार्थीले प्रविधि कम्पनीमा डेटा इन्जिनियर, डेटा आर्किटेक्ट, डेटा एनालिस्ट, डेटा साइन्टिस्टका रूपमा कार्य गर्न सक्ने कायस्थले बताए । त्यस्तै, विद्यार्थीहरूले मेसिन लर्निङ, सफ्टवेयर डेभलपमेन्ट लगायतका क्षेत्रमा पनि काम गर्न सक्ने उनको भनाइ छ । 'डिजिटल जमानामा डेटा निकै बहुमूल्य सम्पत्ति हो,' प्राध्यापक कायस्थले भने, 'बीडीएससीको अध्ययनपछि विद्यार्थीमा डेटा के हो र यसको आवश्यकता, महत्व र प्रयोगबारे स्पष्ट हुन्छ ।' विश्वविद्यालयको गणित विभागले हाल प्रविधिमैत्री चार वर्षे कम्प्युटेशनल म्याथमाटिक्सका साथै एमएससी, एमफिल, पिएचडी इन गणित र तथ्यांकशास्त्र पनि सञ्चालन गर्दै आएको छ ।

*-इकान्तिपुर डटकम*

# सिलाई कटाई सम्बन्धी स्तरोन्नति तालिम

**गुल्मी,** जेठ २६/जिल्लाको कालीगण्डकी गाउँपालिकाका महिलाहरुलाई सिलाई कटाई सम्बन्धी एक महिने स्तरोन्नति तालिम दिइएको छ । कालिगण्डकी गाउँपालिकाको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अर्न्तगत महिलाहरुलाई स्तरोन्नतिको तालिम दिइएको हो ।

महिलाहरुलाई गत वर्ष तीन महिने तालिम समेत दिएको थियो । तालिम लिएर व्यवसाय सञ्चालनको तयारीमा रहेका उनीहरुलाई पुन: स्तरोन्नतिको तालिम दिइएको गाउँपालिकाले जनाएको छ । एक महिने स्तरोन्नति तालिमको एक कार्यक्रमकाबिच समापन गरिएको छ । समापन कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष बेदबहादुर थापाले तालिममा सिकेको सिपलाई व्यवहारमा लागु गर्न आग्रह गरे । मानिसलाई सिपले स्वरोजगार बनाउने बताउँदै उनले श्रम र सिपले आय आर्जन गर्न सकिने भएकाले सिप हुने मानिस जहिले पनि समाजमा सम्मानित हुने धारणा व्यक्त गरे । अध्यक्ष थापाले भने 'सिप सिकाउँदै महिलाहरुलाई आत्मनिर्भरसँगै स्वरोजगार बनाउन स्थानीय सरकारले



सहयोग गर्दै आएको छ ।' तालिमले गरिवी न्यूनीकरणमा समेत टेवा पुग्ने उनले विश्वास व्यक्त गरे। सहभागीहरुलाई सिकेको सिप व्यवसायमा रुपान्तरण गर्न प्रमुख प्रशासकिय अधिकृत नरेश गिरीले आग्रह गरे । उनले व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्नुपर्नेमा जोड दिए । गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमकी कार्यक्रम प्रमुख मीरा श्रीस बुढाले सिपको माध्यमबाट महिला तथा युवाहरुलाई उद्यमी बनाई आत्मनिर्भर बनाउने कार्यमा कार्यक्रम प्रभावकारी बन्दै आएको बताईन् । उनले सिलाई कटाई तालिमबाट दक्ष जनशक्ति उत्पादन गर्ने हिसाबले तालिम प्रधान गरिएको बताउँदै तालिमले महिला दिदिबहिनीहरुलाई स्वरोजगार, आत्मनिर्भर बन्न र आर्थिक उपार्जनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन् । तालिमले सहभागीहरुलाई सिप र हौसला प्रदान गरेको प्रशिक्षक विष्णु परियारको भनाई छ । तालिमका सहभागीहरु नरमाया श्रीस, तारा वि.क. लगायतले आफुहरुका लागि गाउँपालिका अभिभावक बनेको भन्दै व्यवसाय सञ्चालन गर्नमा समेत सहजिकरण गरिदिन आग्रह । गत वर्ष आधारभूत तालिम लिएका १० जना महिलाहरुले स्तरोन्नति तालिम लिएका हुन् ।

## बगनासकाली...

...जनप्रतिनिधि र कर्मचारीको तालमेल सँगै समयवाधि तोकेर काम गर्दा बगनासकाली गाउँपालिका जेठ १५ मा अधिकाश योजनाहरुको रकम भुक्तानी गर्ने देशभरीमा नमुना पालिका बनेको पालिका अध्यक्ष सरसस्वती चिदीले बताईन् ।उनले भनिन् 'गाउँपालिकाबाट असारे विकास रोकिएको छ, बर्षे भेलसँगै विकास बगाउने क्रम तोड्न सफल भएका छौ, पालिकाको सुशासन तथा मुल्याङ्कन प्रद्धतिमा हामी पाल्पामै उत्कृष्ट भएका छौं ।'

पालिकाले वडा वडाबाट केन्द्रसम्म जोड्ने मुख्य सडक, वडा कार्यालय पुग्ने सडक, स्वास्थ्यचौकी, विद्यालय पुग्ने मुख्य सडकहरु कालोपत्रे गर्ने, ग्रावेल गर्ने, सडक फराकिलो बनाउने, सडकको घुम्ती, मोडहरुमा ढलान गर्ने जस्ता कामहरुलाई प्राथमिकता दिएर काम गरेको पालिका उपाध्यक्ष हरी प्रसाद पाठकले बताए । चालु आर्थिक बर्षमा गाउँपालिका भित्र ४ किलोमिटर सडक कालोपत्रे गरेको, ४ किलोमिटर ग्रामीण क्षेत्रका अफ्ठ्रा सडकहरुमा ढलान गरेको, करीव ६ किलोमिटर पक्की नाली निर्माण गरेको ईन्जिनियर प्रमोद कुवँरले जानकारी दिए । पालिका भित्रका योजनाहरुको सबै भुक्तानी उपभोक्ताहरुको खाता खातामा पुगिसकेको, प्रदेश र संघबाट आउने रकम समयमा नआएकाले केही योजनाको रकम मात्र उपभोक्तालाई दिन बाँकी रहेको लेखा प्रमुख कोशल प्रसाद पौडेलले बताए । गाउँपालिकाको केन्द्रसँगै वडा नं. १, वडा नं २, वडा नं ३ वडा नं ७, र वडा नं ९ गरी ५ वटा वडासम्म पक्की सडक पुगेको छ भने वडा नं ४, वडा नं ५, वडा नं ६ र वडा नं ८ केन्द्रसम्म जाने सडकको स्तरउन्नती गरी १२ महिना सहज यातायात सञ्चालन हुँदै आएको पालिकाका प्रवक्ता टिकाबहादुर थापाले बताए । पालिकाको सेवाप्रवाहलाई चुस्त दुस्त बनाउन, पालिका भित्र सुशासन कायम राख्न पालिका भित्र देखिएका कमिकमजोरीहरु, सुधार गर्नुपर्ने कुराहरु भेटेर, सामाजिक सञ्जाल तथा, पालिकाको वेभसाईटमा राख्ने गरिएको प्रवक्ता थापाले बताए । बगनासकाली गाउँपालिकाले देश भरीमा चालु आर्थिक बर्षमा योजनाका कामहरु बैशाख भित्रै सक्काउने र जेठ १५ सम्म भुक्तानी गर्ने ७५३ पालिका मध्ये आफु पहिलोमा पर्ने दावी गरेको छ । यसै गरी देशका सबै पालिकाहरुले काम गरेमा असारे विकास, बर्षाको भेलसँगै बगेर जाने क्रम रोकिने छ । प्रदेश तथा संघिय कार्यालयहरुले भने अझै पनि असारे विकासको लागि टेण्डर आह्वान गर्ने कागजी प्रगती देखाउन रकमान्तर गरेर मातहतका कार्यालय पठाउने क्रम तिव्ररुपमा चलेको छ ।

## उपभोक्ताको...

...तरकारी बजारलाई व्यस्थित, उपभोक्तालाई गुणस्तरीय स्वस्थ्य, ताजा तरकारीको लागि पाल्पा जिल्ला भित्र हेफर इन्टरनेशनल, ग्रामिण आर्थिक विकास संघ रेडा र मिलनसार सहकारीको सहकार्यमा १ हजार ७ सय ६६ जना कृषकहरुसँग सहकार्य गरेर काम अगाडि बढाइएको हेफर इन्टरनेशनलका कार्यक्रम अधिकृत मदन पौडेले जानकारी दिए । स्वस्थ्य, विषादीरहित तरकारी उत्पादनको लागि आवश्यक प्राविधिक ज्ञान, मल विउ विजनको लागि कृषकहरुका घर-घरमा कृषि प्राविधिकहरु परिचालन गर्दै आएको कार्यक्रम अधिकृत पौडेलको भनाई छ । संस्थासँग १ हजार ६ सय कृषकहरु आजद्ध रहेका छन् । उनीहरुले उत्पादन गरेको तरकारी नै संस्थाले विक्रि गर्दै आएको छ । कृषकहरुलाई जैविक रुपमा तरकारी उत्पादन गर्ने तरीकादेखी तरकारी बालीमा लाग्ने रोग किराका बारेमा जेटिए घर-घरमा पठाउने गरेको संस्थाकी अध्यक्ष कमला भण्डारीले बताईन । सहकारीको होलाङ्दी थोक केन्द्रमा कृषकबाट आएको तरकारी, राम्रोसँग धोई पखाली ग्रेडिङ गरेर तानसेन बजारका विभिन्न तरकारी पसलहरुमा पठाउने गरेको र आगामी दिनमा लेवलिङसहित पहिचानयुक्त तरिकाबाट उपभोक्ताको भान्सासम्म पुऱ्याउने गरी तयारी भईरहेको रेडा पाल्पाका प्रशोधन केन्द्र प्रबन्धक संजितबहादुर कुवँरले जानकारी दिए । सहकारीले हेफर इन्टरनेशनलको सहयोगमा लुम्बिनी प्रदेशमा पहिलो पटक तरकारी धुने ग्रेडिङ गर्ने अत्याधुनिक मेसिन प्रयोग गर्दै आएको छ । संस्थाले उपभोक्ताको लागि प्रत्येक दिन विहान ७ बजे देखी बेलुका ८ बजेसम्म थोक तथा खुद्रा रुपमा होलाङ्दीबाट ताजा तरकारी विक्रि गर्दै आएको जनाएको छ । संस्थाले दैनिक १० टनसम्म तरकारीको कारोबार गर्ने लक्ष्य लिएको छ । स्वदेशी कृषकहरुलाई तरकारी खेतीमा प्रोत्साहन जगाउने, व्यवसायीकरण गर्ने, उत्पादनलाई बजारीकरण गर्ने, स्वच्छ स्वस्थ ताजा तरकारी उपभोक्तालाई पुऱ्याउने, कृषक्लाई धनी बनाउने अभियानका साथ हेफर इन्टरनेशल, रेडा, तानसेन नगरपालिका लगायत जिल्लाका अन्य स्थानीय सरकारको सहकार्यमा सहकारीले काम गर्दै आएको छ ।

**खेलकुद समाचार**

## वेष्टइन्डिजको लगातार दोस्रो जित



**काठमाडौं,** जेठ २७/टी-२० विश्वकप-२०२४ मा वेष्टइन्डिजले लगातार दोस्रो जित निकालेको छ । वेष्टइन्डिजले युगाण्डालाई फराकिलो अन्तरले पराजित गर्दै लगातार दोस्रो जित निकालेको हो ।

प्रोविडेन्समा आइतबार बिहान भएको खेलमा वेष्टइन्डिजले युगाण्डालाई सस्तैमा समेट्दै १ सय ३४ रनले पराजित गरेको हो । वेष्टइन्डिजले दिएको १ सय ७४ रनको लक्ष्य पछ्याएको युगाण्डा १२ ओभरमा मात्र ३९ रन बनाएर अलआउट भयो । युगाण्डाका जुमा मियागीले अविजित १३ रन बनाउनुबाहेक अन्य कसैले पनि दोहोरो अंक जोड्ने मौका नै पाएनन् । युगाण्डालाई सस्तैमा समेट्ने क्रममा वेष्टइन्डिजका अकिल हुसैनले एक्लै ५ विकेट लिए । यस्तै, अल्जारी जोसेफले २, रोमारियो शेफर्ड, आन्द्रे रसेल र गुडाकेश मोतीले एक/एक विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको वेष्टइन्डिजले ५ विकेटको क्षतिमा १ सय ७३ रन बनाएको थियो । वेष्टइन्डिजका जोनसन चार्ल्सले ४४, आन्द्रे रसेलले ३०, रोभम्यान पावेलले २३, शेरफेन रदरफोर्ड र निकोलस पुरनले २२/२२, ब्रेन्डन किंगले १३ र रोमारियो शेफर्डले ५ रन जोडे । युगान्डाका ब्रायन मसाबाले २, दिनेश नाक्रानी, कसमस केइवुता र अल्पेश रामजानीले एक/एक विकेट लिए । वेष्टइन्डिजले पहिलो खेलमा पपुवा न्यूगिनीलाई पराजित गरेको थियो भने अफगानिस्तानसँग पराजित भएको युगान्डाले अर्को खेलमा पपुवान्यूगिनीलाई नै पराजित गरेको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

**अर्थ/कर्पोरेट समाचार**

## नेप्सेमा गिरावट, कारोबार रकम भने बढ्यो



**पाल्पा,** जेठ २७/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा साताको पहिलो दिन गिरावट आएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ५९ अङ्कले गिरावट आएको हो ।

नेप्से घटेसँगै दुई हजार ७३ दशमलव १९ मा सीमित भएको छ । नेप्से घटेपनि शुक्रबारको तुलनामा कारोबार रकम भने वृद्धि भएको छ । शुक्रबार ४ अर्ब ३८ करोड मूल्य बराबरको कारोबार भएको थियो ।

गत साताको चौथो कारोबार दिन बुधबारदेखि नेप्से निरन्तर घट्दै आएको हो । यसदिन ३ सय १३ स्क्रिप्सको १ करोड ४ लाख ५२ हजार १ सय २८ कित्ता सेयर ५ अर्ब १८ करोड ९० लाख ७९ हजार ५ सय २२ रुपैयाँमा खरिदबिक्री भए । सामान्य अंकले गिरावट आएको सेयर बजारमा ४ वटा कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव १५ अङ्कले ओरालो लागेर तीन सय ६८ दशमलव १८ मा सीमित भएको छ । एक करोड चार लाख ५२ हजार एक सय २८ कित्ता शेयर पाँच अर्ब १८ करोड ९० लाख ७९ हजार पाँच सय २२ मा कारोबार भयो । नेप्सेका अनुसार, इस्टर्न हाइड्रोपावर, शुभम पावर, सिटी होटल र कुर्थली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । भगवती हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९९ प्रतिशतले कमाएका छन् । यस्तै बुद्धभूमि नेपाल हाइड्रोपावर १०, पोखरा फाइनान्स सात दशमलव १२, लक्ष्मी लघुवित्त ६ दशमलव ६१, माईखोला हाइड्रोपावर पाँच दशमलव ३४ तथा मिड सोलु हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ५२ प्रतिशतले गुमाएका छन् ।

## पालपा जिल्ला भित्र काठ आपूर्तिको सूचना

*मिति २०८१/०२/२८ गते*

पाल्पा जिल्लाका विभिन्न सामुदायिक वन समुहहरूबाट स्वीकृत कार्ययोजना अनुसार आ.व. २०८०/०८१ मा उत्पादन भई वन ऐन २०७६ र वन नियमावली २०७९ अनुसार जिल्ला भित्रको आपूर्तिका लागि छुट्याइएको साल जातको गोलिया काठ घर निर्माण, घर गोठ मर्मत, पुर्वाधार विकास, कृषि औजार वा अन्य कुनै प्रयोजनका लागि आवश्यक भएमा यो सुचना प्रकाशित मितिले १५ दिन भित्र डिभिजन वन कार्यालय पाल्पामा प्रचलित कानूनले तोकेका आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि डिभिजन वन कार्यालय पाल्पा वा सव डिभिजन वन कार्यालयहरूमा सम्पर्क गर्नुहोला ।

*डिभिजन वन कार्यालय, तानसेन, पाल्पा*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई